नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, पुस १९ गते २०४६ साल (अतिरिक्ताङ्क ५५ (क)

भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकार उमेर पुगी बक्सेको शुभ-उपलक्ष्यमा निम्न डिजाइन, नापतौलको असर्फी तथा चाँदीको सिक्का टकसरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

असर्फीतर्फ

अग्रभाग– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४६ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह अंकित ।

पृष्ठभाग– वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव तल अर्ध गोलाकार रूपमा उमेर पुगी बक्सेको उपलक्ष्य र बीचमा पूर्ण कलश रही सोको दायाँपट्टि नेपालीमा असर्फी र बायाँपट्टि अंग्रेजीमा ASARFI अंकित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तौल	--	११.६६ ग्रा. ±०३
व्यास	--	२८.५ मि.मि.
सिरेशन	--	भएको
धातु	--	९९९.९ शुद्ध सुन
अधिकतम टकमरी	--	५,००० थान

सिक्काकतर्फ

अग्रभाग– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४६ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह अंकित ।

पृष्ठभाग– वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव तल अर्ध गोलाकार रूपमा उमेर पुगी बक्सेको उपलक्ष्य र बीचमा पूर्ण कलश रही सोको दायाँपट्टि रू. ५०० बायाँपट्टि Rs. 500 अंकित ।

सिक्काको दर	--	रू. ५००।–
तौल	--	१ औंश (३१.१ ग्राम ±०.१३)
व्यास	--	३८.७ मि.मि.
सिरेशन	--	भएको
धातु	--	९९९ शुद्ध चाँदी
अधिकतम टकमरी	--	१०,००० थान

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको मात्र लागु हुनेछ।
602